# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** २०/ ०८०/ ०८१ **मितिः** २०८१/ ०२/ ०२

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ **ने.सं.** ११४४ बछलाथ्व, ७ बुधबार

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

मिति २०८१ साल जेठ २ गते बसेको नगर कार्यपालिकाको २०औं बैठकबाट निम्न बमोजिमका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**१. समिक्षा तथा जानकारी ।**

१) अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) उक्त बैठकबाट बजेट विनियोजन भएका आयोजना/ कार्यक्रमहरुको श्रोतका सम्बन्धमा उल्लेख नभएको र मिति २०८०/०८/११ गतेको निर्णय बमोजिम अर्जुनधारा-७ मा खानेपानी व्यवस्थापनका लागि रकम विनियोजन र उक्त रकमको श्रोत उल्लेख नभएकोमा ती आयोजनाहरुका लागि चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत प्रस्तावनामा आधारित कार्यक्रम/ संघसंस्था प्रवर्द्धन कार्यक्रम लगायतका उपयुक्त खर्च शीर्षकबाट खर्च लेख्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

३) आयोजनाहरुको सम्झौता अवधि २०८१ बैसाख २२ गते सम्म हुने गरी तोकिएकोमा सम्झौता नभएका योजनाहरुको कार्यान्वयन गर्न समय सम्झौता गर्न अवधि पुग्ने भएमा कार्यालयबाट सम्झौताको प्रक्रिया गर्ने निर्णय गरियो ।

**२. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन तथा स्वीकृति सम्बन्धमा ।**

१) यस नगरपालिकाबाट बिरिङ्ग खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि ठेक्का बन्दोवस्त गरी पाथिभरा केरियर प्रा.लि. इटहरीसँग ठेक्का सम्झौता गरिएकोमा नगर कार्यपालिकाको कार्यालयबाट स्थलगत अनुमगन हुँदा तोकिएको परिमाण बमोजिमको नदीजन्य पदार्थ उत्खनन भईसकेको प्रतिवेदन प्राप्त भएकाले थप उत्खनन तथा विक्री नगर्न सम्बन्धित ठेकेदारलाई जानकारी गराइएको व्यहोरा प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा जानकारी भई सो व्यहोरा अनुमोदन गरियो ।साथै, ठेकेदार पक्षले सम्झौता बमोजिम २०८१ बैसाख मसान्तसम्ममा सम्पूर्ण ठेक्का रकम बुझाउनुपर्नेमा अघिल्लो किस्ता रकम समेत समयमा नबुझाएको र कार्यालयबाट पटक पटक लिखित पत्राचार गर्दा समेत नबुझाएको र हाल ठेक्का बमोजिमको परिमाण समेत उत्खनन भईसकेको देखिएकाले निजलाई उक्त ठेक्का रकम बुझाउन अन्तिम पटकको लागि ७ दिनको म्याद दिने र उक्त अवधिमा समेत उक्त रकम नबुझाएमा निजले पेश गरेको बैंक जमानत मार्फत कार्यालयले पाउनुपर्ने रकम प्राप्त गर्ने आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

२) यस नगर कार्यपालिकाको मिति २०८१/०१/१२ गतेको निर्णयानुसार यस अर्जुनधारा नगरपालिकाको टाङटिङ्ग खोलाका विभिन्न ९ वटा प्याकेजको ठेक्का बन्दोवस्तिका लागि बोलपत्र आह्वान गरिएकोमा देहाय बमोजिमका २ वटा प्याकेजमा मात्र १/१ वटा बोलपत्र प्रस्ताव पेश भई बोलपत्र मूल्याङ्कन समितिको सिफारिस बमोजिम स्वीकृतिका लागि पेश भएको हुँदा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय (ठेक्का बन्दोवस्त) कार्यविधि, २०७५ को दफा ९ बमोजिम ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।

| ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम कबोल रकम (रु) | प्रस्तावकको विवरण | कबोल रकम (रु) |
|---|---|---|---|---|
| AM/IR/13 / 080/081 | टाङटिङ ठुलो नेते दोभान उत्तर बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | ३४३०३६४।- | Vintage Construction and Suppliers Pvt Ltd | ३४४००००/- |
| AM/IR/18 / 080/081 | बागेडाँगी पश्चिम उत्तर बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | ३००१४९०।- | Jay shree ram concrete industries pvt ltd | ३००२४९१/- |

३) टाङटिङ खोलामा रहेको नदीजन्य पदार्थको उत्खनन विक्रीका लागि नगर कार्यपालिकाको विभिन्न मितिको बैठकबाट निर्णय भई ठेक्का बन्दोवस्त गर्न पटक पटक सूचना प्रकाशन गर्दा समेत कुनै प्रस्ताव पेश नभएको, मिति २०८१/०१/१२ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार उक्त खोलालाई विभिन्न ९ वटा प्याकेजमा छुट्याई सूचना प्रकाशन गर्दा समेत २ वटा प्याकेजको मात्र ठेक्का बन्दोवस्त भई ७ वटा ब्लकको नदीजन्य पदार्थ यथास्थितिमा रहेकोमा ती बाँकी प्याकेजहरु मध्ये कुनै प्याकेज लिन इच्छुक भई निवेदन प्राप्त भएमा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि, २०७५ को दफा ३ को उपदफा (१) को बुँदा नं **ञ** बमोजिम निवेदनहरुसँग वार्ताका माध्यमबाट सम्बन्धि पक्षसँग वार्ता गरी न्यूनतम कबोल रकममा नघटाई, आवश्यक नगद तथा बैंक जमानत राखी ठेक्का दिने ।

४) उपर्युक्त व्यवस्था बमोजिम ठेक्का बन्दोवस्त भएको ठाउँमा सम्बन्धित ठेकेदार पक्षले हेभी मेसिनरी उपकरण सञ्चालनका लागि अनुमति माग गरेमा आइइइ प्रतिवेदन बमोजिमका मापदण्ड तथा शर्तहरु पालना गर्ने गरी कार्यालयबाट सञ्चालन अनुमति दिने ।

५) बुँदा नं "(३)" बमोजिम पनि व्यवस्थापन हुन नसकेमा नगपालिका आफैले उत्खनन गरी भविष्यमा विपद् व्यवस्थापन, मर्मत सम्भार लगायतका प्रयोजनमा उपभोग गर्ने गरी स्टक गरी राख्ने निर्णय गरियो।

६) नदीजन्य पदार्थको व्यवस्थापनबाट थप भएको आयलाई कानून बमोजिम बाँडफाँड गरी नगरपालिकाले प्राप्त गर्ने आयलाई वार्षिक बजेटमा समावेश गरी थप आयबाट सञ्चालन गर्ने आयोजनाहरु छनौटका लागि नगरप्रमुखज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

### ३. सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।

यस अर्जुनधारा नगरपालिका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन, जग्गा नापजाँच तथा धनिपुर्जा वितरण सम्बन्धि कार्यमा यस नगरपालिकाका जनप्रतिनिधि, भूमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजिकरण समिति, कार्यालयको सेवा केन्द्र ,जिल्ला समिति लगायतका सरोकारवाला निकायहरुसँग नगरपालिकाको तर्फबाट आवश्यक समन्वय गर्न तथा नगरपालिकाको तर्फबाट **सम्पर्क व्यक्ति** (Focal Person) को रुपमा कामकाज गर्ने गरी भूमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन वडास्तरीय सहजिकरण समिति, वडा नं ११ का सदस्य अर्जुनधारा नगरपालिका वडा नं ११ निवासी श्री वीरबहादुर राईलाई तोक्ने निर्णय गरियो ।

### ४. शनिश्चरे अस्पतालको सेवा विस्तार तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

१) श्री स्वास्थ्य सेवा विभागको च.नं. १११८ मिति २०८१/०१/२५ को पत्रबाट शनिश्चरे अस्पतालमा शल्क्रिया सहितको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालनको लागि स्विकृति प्राप्त भएको व्यहोरा बैठकमा जानकारी भई शनिश्चरे अस्पतालमा उक्त कार्यक्रम सञ्चालनका गर्ने निर्णय गरियो ।

२) शनिश्चरे अस्पतालको फार्मेशी सेवा सञ्चालनको क्रममा रहेको र उक्त सेवा सञ्चालन सँगै अस्पतालको कारोबारको मात्रा बढ्न गई सोको व्यवस्थित अभिलेखन तथा प्रतिवेदनका लागि लेखा हेर्ने गरी छुट्टै कर्मचारीको आवश्यकता भएको हुँदा अस्पतालको सुव्यवस्थित संचालनका लागि १ जना लेखा हेर्ने कर्मचारीको आवश्यकता भई शनिश्चरे अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार साविक नगर कार्यपालिकाको कार्यालयबाट शनिश्चरे अस्पतालको सेवाका लागि १ जना लेखापालको करार सेवामा पदपूर्तीका लागि दरखास्त आह्वान भई हालसम्म सो प्रक्रिया स्थगित अवस्थामा रहेकोमा उक्त पदपूर्तीको प्रक्रिया अघि बढाईदिन अनुरोध भई आएको हुँदा उक्त पदको जनशक्ति करार सेवामा व्यवस्थापन गर्न नयाँ प्रक्रिया अघि बढाउने र छनौट प्रक्रिया तथा अन्य योग्यताका सम्बन्धमा मापदण्ड/कार्यविधि तयारीका लागि नगर कार्यपालिकाको कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो।

### ५. बजेट विनियोजन सम्बन्धमा ।

१) नेपाल पर्यटन बोर्डबाट अर्जुनधारा-११ मा पर्यटन पूर्वाधार सुधार तथा स्तरोन्नतिका लागि रु १० लाख विनियोजन भएकोमा उक्त कार्यक्रमका लागि नगरपालिकाको समपुरक कोषबाट २० प्रतिशतले हुने रु २ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

२) देहाय बमोजिमका आयोजना तथा कार्यक्रमका लागि देहाय बमोजिमको श्रोतबाट रकम विनियोजन गर्ने।

| सि.नं. | आयोजना/कार्यक्रम | रकम (रु) | श्रोत |
|---|---|---|---|
| १ | वडा नं ७ विद्युत पोल स्थानान्तरण तथा व्यवस्थापन | १ लाख | प्रस्तावनामा आधारित |
| २ | समाज कल्याण सेवा समाज कार्यालय व्यवस्थापन वडा नं ७ | १ लाख | प्रस्तावनामा आधारित |

| | | | |
|---|---|---|---|
| ३ | अर्जुनधारा जलेश्वर धाममा पुरुवा हाल्न प्रयोग भएको व्याक हो लोडरको भाडा भुक्तानी १७ घण्टा | बिल बमोजिम | प्रस्तावनामा आधारित |
| ४ | ढल्केबर कालोपत्रे सडकमा कल्भर्ट निर्माण गर्न थप, वडा नं २ | १ लाख ५० हजार | प्रस्तावनामा आधारित |
| ५ | वडा नं २, टाङटिङ खोला पुल २०० मिटर पश्चिम तटबन्धन | ६ लाख | विपद् व्यवस्थापन |
| ६ | मकैको खोस्टा तथा परालबाट सजावट तथा दैनिक उपभोगका सामाग्री निर्माण तालिम, अर्जुनधारा जेसिज मार्फत | १ लाख | संघ संस्था प्रवर्द्धन |
| ७ | नमुना मार्ग टोल नं २ विशाल थापाको घर अगाडीबाट ६ नं वडाको सिमानासम्मको बाटोमा कल्भर्ट निर्माण | ५५३७६४ | समपुरक कोष |
| ८ | जलकन्या मन्दिर वडा नं ४ सहासी वस्तीमा ३ वण्डल टिन | लागत बमोजिम | विपद व्यवस्थापन |
| ९ | वडा नं २ विलिभर्स चर्च शौचालय निर्माण | १ लाख ५० हजार | संघसंस्था प्रवर्द्धन |
| १० | वडा नं २ इनार निर्माण, | १ लाख | प्रस्तावनामा आधारित |
| ११ | सुन्तले खोल्सीमा प्लम्बवाल निर्माण वडा नं २ | ३ लाख | विपद् व्यवस्थापन |

३) अर्जुनधारा नगरपालिकाको विभिन्न सडकहरुमा जडान भएका सडकबत्तीहरुको विद्युत महसुल बक्यौता रु १ लाख ७५ हजार नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी उपलब्ध गराउने ।

६. **विविधः** विभिन्न वडा कार्यलय तथा नगर कार्यपालिकाबाट प्राप्त सिफारिस तथा प्रस्तावमा छलफल भई देहाय बमोजिमका निर्णयहरु गरियो ।

१) यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमको साझेदारी कार्यक्रम अन्तर्गत वडा नं ११ को हलेसी रोड नं २ मा ब्लक विच्छ्याउन विनियोजित बजेट उक्त स्थानको सट्टा पाथिभरा रोड नं १र २ मा ब्लक विच्छ्याउन ११ नं वडा कार्यालयबाट प्राप्त सिफारिस बमोजिम संशोधन गर्ने साथै, वडा नं १ को कालोपत्रे सडकका लागि विनियोजित बजेटबाट बाँकी रहेको रकमबाट (below bidding) विपद् व्यवस्थापनका लागि ह्युमपाइप खरिद गर्न सिफारिस भएकाले उक्त बाँकी रकमबाट ह्युमपाइप खरिद गर्ने ।

२) अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि बमोजिम **ग्रिन विल्डर्स प्रा.लि. अर्जुनधारा- ५** लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने ।

३) अर्जुनधारा नगरपालिका वडा नं ७ को पिपलचोकबाट नारायण चोक जाने सडकमा नाला निर्माणका लागि पूर्वाधार विकास कार्यालय झापाबाट योजना सञ्चालन भईरहेकोमा उक्त आयोजना सञ्चालन गर्दा निस्किएका पुराना सामाग्रीहरु (कंक्रिट) Dismantle गरिदिनका लागि सम्बन्धित कार्यालयमा अनुरोध गर्ने ।